# आर्थिक मामिला तथा योजना मन्त्रालय

## प्रदेश नं. ३, हेटौंडा

## सवारी साधन खरिद सम्वन्धी मापदण्ड, २०७४

(प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत मिति : २०७४/१२/२९)

प्रदेश सरकारले खरिद गर्ने कुनै पनि प्रकृतिको सवारी साधन गुणस्तरीय, प्रभावकारी एवं मितव्ययी ढङ्गले खरिद गर्ने, सवारी साधन खरिदमा प्रदेश भरिका सार्वजनिक निकायमा एकरुपता कायम गर्ने एवं पद अनुसारको सवारी साधनको स्तर कायम गरी समग्रतामा सवारी साधनको खरिद प्रक्रियालाई व्यवस्थित, पारदर्शी, मितव्ययी र जवाफदेहिताको अवस्था सृजना गर्न यस प्रदेशको मन्त्रिपरिषद्बाट प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २(३) को सि.नं. ९ र १२ मा उल्लिखित कार्य जिम्मेवारी पूरा गर्न प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ बमोजिम यो मापदण्ड जारी गरिएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो मापदण्डको नाम "सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४" रहेको छ।

(२) यो मापदण्ड प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो मापदण्ड प्रदेश सरकार र मातहतका सार्वजनिक निकायहरुमा लागू हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "प्रदेश स्तरीय निकाय" भन्नाले प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, आयोग, सचिवालय र प्रदेश सरकार मातहतका सबै कार्यालय एवं निकाय सम्झनुपर्छ।

(ख) "मन्त्री" भन्नाले प्रदेश सरकारका मन्त्री, राज्य मन्त्री तथा सहायक मन्त्री सम्झनु पर्छ र सो शव्दले मन्त्री सरहको सुविधा प्राप्त गर्ने अन्य सवै पदाधिकारी समेतलाई जनाउँछ।

(ग) "सवारी साधनको सुविधा पाउने पदाधिकारी" भन्नाले मुख्यमन्त्री, प्रदेश सभाका सभामुख, प्रदेश मन्त्रालयका मन्त्री, उपसभामुख, प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिवहरु एवं सवारी साधन प्रयोग गर्ने महाशाखा प्रमुखहरु र सवै अधिकृत कर्मचारी सम्झनुपर्छ।

(घ) "सवारी साधन" भन्नाले यान्त्रिक शक्तिबाट सञ्चालन हुने कुनै पनि प्रकृतिको सवारी साधन सम्झनुपर्छ।

३. <u>सवारी साधनको खरिद प्रक्रिया</u> : (१) प्रदेश स्तरका कुनै पनि निकायको लागि सवारी साधन खरिद गर्दा सम्वन्धित निकायले देहायको प्रक्रिया बमोजिम गर्नु पर्नेछ :-

(क) दफा ४ र ५ मा उल्लेख भएको व्यवस्था अनुसार खरिद गरिने सवारी साधनका लागि आवश्यक स्पेसिफिकेशन तयार पार्नु पर्ने,

(ख) स्पेसिफिकेशन तयार पार्ने कार्यमा प्रदेश भित्र रहेका सरकारी कार्यालयमा कार्यरत कम्तिमा मेकानिकल ईन्जिनियर स्तरको कर्मचारीको सहयोग लिनु पर्ने,

(ग) प्रदेश मन्त्रालयस्तरको लागि सवारी साधन खरिद गर्दा एकद्वार प्रणाली मार्फत खरिद गर्ने प्रक्रिया अवलम्वन गर्न सकिने,

(घ) सवारी साधन खरिद गर्दा पूर्ण प्रतिस्पर्धामा मितव्ययी तरिकाले खरिद गर्नु पर्ने,

(ङ) प्रदेश सार्वजनिक खरिद ऐन नबनेसम्म सार्वजनिक खरिद ऐन, २०६४ बमोजिमको प्रक्रिया अपनाउनु पर्ने।

(२) सवारी साधन खरिदका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट वार्षिक रुपमा बजेट मार्फत रकम विनियोजन गरिने छ। सवारी साधन खरिद गर्ने प्रयोजनको लागि रकमान्तर वा बजेट थप सम्वन्धी कार्य गरिने छैन।

४. सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीको वर्ग : सवारी साधन सुविधा प्राप्त गर्ने वा प्रयोग गर्ने पदाधिकारीलाई देहाय अनुसारको मर्यादा बमोजिम वर्ग कायम गरी सवारी साधन खरिद गरी उपलब्ध गराईने छ :-

| पदाधिकारी | वर्ग |
|---|---|
| मुख्यमन्त्री | क वर्ग |
| सभामुख, उपसभामुख, मन्त्री र मन्त्रीस्तर तथा प्रमुख सचिव | ख वर्ग |
| सचिव | ग वर्ग |
| महाशाखा प्रमुख/कार्यालय प्रमुख | घ वर्ग |
| अन्य | ङ वर्ग |

५. सवारी साधनको उपलव्धता : सवारी साधन सुविधा प्राप्त गर्ने वा प्रयोग गर्ने पदाधिकारीलाई देहाय अनुसार वर्गको सवारी साधन उपलब्ध गराईने छ :

| वर्ग | सवारी साधनको मुल्य | प्रकार | क्षमता |
|---|---|---|---|
| क | बढीमा रु.९५ लाख सम्म | जीप | ........ |
| ख | बढीमा रु.८० लाख सम्म | जीप | ........ |
| ग | बढीमा रु.६० लाख सम्म | जीप | ........ |
| घ | बढीमा रु.३० लाख सम्म | कार वा पिकअप | ........ |
| ङ | बढीमा रु.२ लाख ५० हजार सम्म | मोटरसाइकल/स्कुटर | ........ |

६. दुई पांग्रे सवारी साधन खरिद सम्वन्धी व्यवस्था : प्रदेश स्तरीय कुनै पनि निकायले दुई पांग्रे सवारी साधन खरिद गर्दा निम्न क्षमताको सवारी साधन खरिद गर्नु पर्नेछ :

क) मोटर साइकल बढीमा १५० सी.सी. सम्म,

ख) स्कुटर बढीमा ११० सी.सी. सम्म।

७. सवारी साधन सम्बन्धी अन्य व्यवस्था : (१) सवारी साधन खरिद गर्दा वार्षिक बजेटको सीमा भित्र रही खरिद गर्नु पर्नेछ।

(२) साविकमा आफुले प्रयोग गरिरहेको सवारी साधन नयाँ सवारी साधन प्राप्त भए पछि सम्वन्धित निकायमा फिर्ता गर्नु पर्नेछ।

(३) कुनै पनि निकायले आवश्यकता एवं लाभ लागतको आधारमा सवारी साधन खरिद गर्ने खरिद योजना बनाउनु पर्नेछ। उपलव्ध भएसम्म साविककै निकायको सवारी साधन प्रयोगलाई प्राथमिकता दिनु पर्नेछ।

(४) कुनै पनि सरकारी सवारी साधनमा सरकारी नम्वर प्लेट राख्नु पर्ने छ। निजी नम्वर प्लेट राखी सरकारी सवारी साधन प्रयोग गर्न पाईने छैन।

(५) अन्य कुनै निकाय वा तरिकाबाट प्रदेश सरकारको नाममा कुनै सवारी साधन हस्तान्तरण भै आएमा सो सवारी साधन प्रयोगको व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशन अनुसार हुनेछ।

(६) पुलको सवारी अत्यावश्यक हुने प्रदेश स्तरीय निकायले रु.३०,००,०००/- (तिस लाख) लागत नबढ्ने गरी पुलको सवारीको रुपमा एक जिप वा पिकअप थप खरिद गर्न सक्नेछ।

८. <u>हस्तान्तरित सवारी साधन सम्वन्धमा</u> : विभिन्न निकायबाट यस प्रदेशमा प्राप्त हुन आएका सवारी साधनहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् प्रदेश स्थित विभिन्न मन्त्रालय एवं निकायमा हस्तान्तरण भई दाखिला हुन आएकोमा त्यस्ता सवारी साधन जुन निकायमा हस्तान्तरण भई आएको हो सोही निकायले आफ्नो जिन्सी आम्दानीमा नियमानुसार लगत कसी आम्दानी जनाउनु पर्नेछ। साथै सो सवारी साधनलाई आवश्यकता अनुसार मर्मत गरी सञ्चालन गर्नु पर्नेछ।

"समाप्त"